# विशिष्टीकृत लगानी कोष नियमावली, २०७५

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृतिमा नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "विशिष्टीकृत लगानी कोष नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इकाई" भन्नाले कोष अन्तर्गत निष्काशन गरिने धितोपत्रको इकाई सम्झनु पर्छ।

(ख) "इकाईधनी" भन्नाले कोषको एक वा एक भन्दा बढी इकाईमा स्वामित्व भई दर्ता किताबमा नाम उल्लेख भएको योग्य लगानीकर्ताहरु सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(घ) "कर्जा सूचना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

(ङ) "कोष व्यवस्थापक" भन्नाले विशिष्टीकृत लगानी कोष व्यवस्थापन गर्ने उद्देश्य भएका नियम ३ बमोजिमको कोष व्यवस्थापक सम्झनु पर्छ।

(च) "दर्ता किताब" भन्नाले कोषको इकाईहरु वा इकाईधनीको विस्तृत विवरण सहितको अभिलेख रहेको दर्ता किताब सम्झनु पर्छ।

(छ) "दर्ता प्रमाणपत्र" भन्नाले कोष व्यवस्थापक वा विशिष्टीकृत लगानी कोषको स्थापना र संचालन गर्न यस नियमावली बमोजिम बोर्डबाट प्रदान गरिएको अनुमति सम्झनु पर्छ।

(ज) "दर" भन्नाले कोषबाट लगानी भई प्राप्त वार्षिक प्रतिफल सहित कायम भएको दर सम्झनु पर्छ।

(झ) "पूँजी आव्हान" भन्नाले कोष व्यवस्थापकद्वारा कोषका लगानीकर्ताहरुले खरिदका लागि प्रतिवद्धता जनाएको रकम सम्पूर्ण रकम वा सो को केही अंश भुक्तानीका लागि गरिने आव्हान सम्झनु पर्छ।

(ञ) "प्रतिवद्धता रकम" भन्नाले कोषले पूँजी आव्हान गरिएको समयमा योग्य लगानीकर्ताबाट कोष वा योजनामा लगानी गर्न प्राप्त प्रतिवद्धताको कुल रकम सम्झनु पर्छ।

(ट) "बिक्री प्रस्ताव" भन्नाले कोषको इकाई बिक्रीका लागि नियम २४ बमोजिम तयार गरिएको बिक्री प्रस्ताव सम्झनु पर्छ।

नेपाल सरकार
अर्थ मन्त्रालय

(ठ) "कोष" भन्नाले नियम १४ बमोजिम बोर्डमा दर्ता भएको प्राइभेट इक्वीटी, भेन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारका अन्य विशिष्टीकृत लगानी कोष सम्झनु पर्छ ।

(ड) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ढ) "लगानी योग्य रकम" भन्नाले कोषको प्रशासनिक र व्यवस्थापन खर्च घटाएर बाकी भएको रकम सम्झनु पर्छ ।

(ण) "लगानी सम्झौता" भन्नाले कोषको व्यवस्थापनको विस्तृत प्रक्रिया खुलाउदै कोष व्यवस्थापक र लगानीकर्ता बीच भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले खरिद सम्झौता (सब्सक्रिप्सन एग्रिमेन्ट), लगानी व्यवस्थापन सम्झौता तथा अन्य सम्बन्धित कोषको गठन बारेको प्रमुख कागजात वा सम्झौता समेतलाई जनाउंछ ।

(त) "लगानी समिति" भन्नाले लगानी नीति अनुसार कोषको रकम लगानी गर्न विधानमा व्यवस्था भए बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(थ) "विधान" भन्नाले कोष स्थापना र संचालन सम्बन्धमा गरिएको व्यवस्थाको दस्तावेजलाई सम्झनु पर्छ ।

(द) "स्वामित्व पूँजी सम्बन्धी उपकरणहरु" भन्नाले पूर्ण रुपमा वा आंशिक रुपमा परिवर्त्य वा विमोच्य अग्राधिकर शेयर (प्रिफरेन्स शेयर) अथवा परिवर्त्य प्रकृतिका धितोपत्र (सुरक्षणहरु) सम्झनु पर्छ ।

(ध) "हर्डल रेट" भन्नाले विधानमा उल्लेख भए बमोजिम कोषमा गरिने लगानीमा प्राप्त हुने अपेक्षित न्यूनतम प्रतिफलको वार्षिक दर सम्झनु पर्छ ।

## परिच्छेद-२
## कोष व्यवस्थापकको अनुमति

३. **कोष व्यवस्थापकको अनुमति लिनु पर्ने:** (१) कोषको स्थापना तथा संचालन गर्न चाहने कोष व्यवस्थापकले बोर्डबाट कोष व्यवस्थापकको अनुमति लिनु पर्नेछ ।

तर यो नियमावली प्रारम्भ हुनु अघि नेपाल सरकारको स्वीकृति लिई वा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई संचालनमा रहेको कोष व्यवस्थापकको हकमा यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र कोष व्यवस्थापकको अनुमति लिन निवेदन दिई सक्नु पर्नेछ ।

(२) कोष व्यवस्थापकको अनुमति लिन चाहने कोष व्यवस्थापकले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको शुल्क सहित बोर्डमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन साथ अनुसूची-३ बमोजिमको कागजात तथा विवरण संलग्न गर्नु पर्नेछ ।

नेपाल सरकार अर्थ मन्त्रालय

४. **अनुमति प्रदान गर्ने** : (१) नियम ३ बमोजिम प्राप्त निवेदन उपर पैंतीस दिन भित्र आवश्यक जाँचवुझ गरी अनुमति प्रदान गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष व्यवस्थापकको दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्रदान गर्दा बोर्डले आवश्यक देखेमा अन्य शर्तहरु तोक्न सक्नेछ ।

(३) कोष व्यवस्थापकको अनुमति दिन अनुपयुक्त देखिएमा सो को जानकारी दिनु पर्नेछ ।

५. **बार्षिक शुल्क सम्बन्धी व्यवस्था:** (१) कोष व्यवस्थापकले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र अनुसूची-२ बमोजिमको बार्षिक शुल्क बोर्डमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बार्षिक शुल्क नबुझाएका कोष व्यवस्थापकको अनुमति बोर्डले निलम्वन गर्न सक्नेछ ।

६. **कोष व्यवस्थापकको काम, कर्तव्य र अधिकार:** कोष व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) कोष व्यवस्थापकले आफू वा आफूसँग सम्बद्ध व्यक्तिले कुनै अनुचित लाभ नपाउने गरी सूचना, परिपत्र, निर्देशिका तथा निर्देशन लगायतका प्रचलित कानून अन्तर्गत रही इकाईधनीको हितमा काम गर्ने,

(ख) कोषसँग सम्बन्धित सबै कारोबार स्वतन्त्र तरिकाले गर्ने,

(ग) लगानी गरिने संस्थामा कोष व्यवस्थापक, संचालक, कार्यकारी प्रमुख, कर्मचारी र लगानी समितिका सदस्यको कुनै किसिमको वित्तीय स्वार्थ नरहेको सुनिश्चित गर्नु पर्ने,

तर कुनै किसिमको वित्तिय स्वार्थ भएमा सो को सम्पूर्ण जानकारी सहित इकाईधनीको बार्षिक सभामा विशेष प्रस्तावद्वारा लगानी गर्ने प्रस्ताव पारित गरेको हुनु पर्नेछ । सो लगानी गर्ने निर्णय भएको सात दिनभित्र बोर्डलाई सोको जानकारी दिनु पर्नेछ,

(घ) इकाईधनीको ग्राहक परिचय विवरण तथा अन्य आवश्यक कागजातको सुनिश्चित गर्ने,

(ङ) इकाईधनीलाई लगानीमा सम्भावित जोखिम र प्रतिफलबारे जानकारी दिने,

(च) लगानी तथा कोष व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र सोको पूर्ण कार्यान्वयन गर्ने गराउने,

(छ) आफ्ना संचालक तथा कर्मचारीहरुको लागि आचार संहिता बनाई लागू गर्ने,

(ज) इकाईधनीको हितमा लगानी भएको सुनिश्चित गर्ने,

(झ) लगानीसंग सम्बन्धित लेखा, प्रतिवेदन, कागजात तथा विवरणको अभिलेख राख्ने,

(ञ) योग्य लगानीकर्तासंग पूँजी आव्हान गर्दा कम्तीमा पनि दुई हप्ता अगावै लिखित रुपमा जानकारी गराई योग्य लगानीकर्तालाई रकम तिर्न उचित समयको व्यवस्था गर्नु पर्ने,

(ट) कोष व्यवस्थापक तथा कोषको आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रचलित लेखामान अनुसार कोषको वित्तीय विवरण तयार गर्नु पर्ने,

नेपाल सरकार
अर्थ मन्त्रालय

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र इकाईधनीको बार्षिक सभा सम्पन्न गर्नु पर्ने ।

## परिच्छेद-३

## कोष व्यवस्थापक, संचालक समिति तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

७. **कोष व्यवस्थापकको योग्यता:** (१) कोष व्यवस्थापकको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था,

(ख) प्रबन्धपत्र तथा नियमावलीमा कोष व्यवस्थापकको कार्य गर्ने उद्देश्य रहेको,

(ग) चुक्ता पूँजी कम्तीमा दुई करोड रुपैयाँ भएको,

(घ) कोष व्यवस्थापक तथा सोका संचालक वा कार्यकारी प्रमुखले कुनै प्रकारको ठगी वा जालसाजी अपराधमा सजाय नपाएको,

(ङ) कोष व्यवस्थापकका संचालक वा कार्यकारी प्रमुखले नैतिक पतन देखिने फौज्दारी कसूरमा सजाय नपाएको,

(च) धितोपत्रको सार्वजनिक निष्काशन गरी सर्वसाधारणबाट पूँजी आव्हान गरी पूँजी सङ्कलन गरेका कोष व्यवस्थापकहरु मध्ये धितोपत्रको कारोवारका लागि आवश्यक व्यवस्था नगरेका, बोर्डको सम्पर्कमा नआएका कोष व्यवस्थापक (भ्यानिसिङ्ग कम्पनी), सूचीकरण खारेजीको कारवाहीमा परेका वा बोर्डलाई कोष व्यवस्थापकको संचालन सम्बन्धमा प्रचलित कानून बमोजिम दिनुपर्ने सूचना, जानकारी वा विवरण नदिई बसेका भनी बोर्डको अभिलेखमा रहेका कोष व्यवस्थापक वा त्यस्तो कोष व्यवस्थापकको कार्यकारी प्रमुख वा संचालकको संलग्नता नरहेको,

(छ) संचालक वा कार्यकारी प्रमुख, कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको तथा कुनै नियामक निकायको कानून उल्लंघनमा कारवाही नपरेको वा कारबाहीमा परेको भए दुई वर्ष पुरा भएको हुनु पर्ने ।

८. **संचालक तथा कार्यकारी प्रमुखको नियुक्ति:** कोष व्यवस्थापकले यस नियमावली बमोजिमको योग्यता पूरा भएको व्यक्तिलाई संचालक तथा कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

९. **संचालक समिति:** (१) कोष व्यवस्थापकमा कम्तीमा पाँच र बढीमा सातजना संचालकहरु रहेको एक संचालक समिति रहनेछ ।

(२) संचालक समितिले नियम ११ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा एक जना स्वतन्त्र संचालक नियुक्ति गर्नु पर्नेछ ।

१०. **संचालकको योग्यता** : अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्ष कार्य अनुभव भएको ।

११. **स्वतन्त्र संचालकको योग्यता** : स्वतन्त्र संचालकको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी पाँच वर्षको कार्य अनुभव भएको, वा

(ख) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,

(ग) कोष व्यवस्थापक कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व नरहेको ।

१२. **कार्यकारी प्रमुखको योग्यता** : कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनेछः-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा दश वर्षको कार्य अनुभव भएको, वा

(ख) चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि हासिल गरी उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको ।

१३. **संचालक वा कार्यकारी प्रमुखको अयोग्यता:** देहाय बमोजिमको अवस्थामा कुनै पनि व्यक्ति संचालक वा कार्यकारी प्रमुख हुन सक्ने छैनः-

(क) नेपालभित्र वा विदेशमा कर्जा तिर्न नसकी साहुको दामासाहीमा परेको,

(ख) नेपालभित्र वा विदेशमा बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परी सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) चोरी, ठगी, किर्ते, जालसाजी, भ्ष्ट्राचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी कसूर वा बैंकिङ्ग कसूर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकका अदालतबाट कसूरदार ठहर भई सजाय भुक्तान भएको दश वर्ष अवधि व्यतित नभएको ।

## परिच्छेद-४

## कोष दर्ता तथा संचालन

१४. **कोषको दर्ता तथा निष्काशन:** (१) यस नियम बमोजिम कोष संचालन गर्न चाहनेले त्यस्तो कोष बोर्डमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष दर्ता गर्दा देहाय बमोजिमको कुनै कोष दर्ता गर्न सकिनेछः

(क) प्राइभेट इक्वीटी फण्ड,

(ख) भेन्चर क्यापिटल फण्ड,

(ग) हेज फण्ड,

नेपाल सरकार
अर्थ मन्त्रालय

(घ) बोर्डले समय समयमा तोकिदिएको अन्य कोष ।

**स्पष्टिकरण** : यस नियमावलीको प्रयोजनको लागि,-

(१) "प्राइभेट इक्वीटी फण्ड" भन्नाले कोषको उद्येश्य प्राप्तिका लागि सर्वप्रथम स्वःपूँजी वा स्वःपूँजीसँग सम्वन्धित अन्य उपकरण वा लगानी गर्ने कम्पनीका साझेदारहरुको इच्छा बमोजिम लगानी गर्ने कोष सम्झनु पर्छ ।

(२) "भेन्चर क्यापिटल फण्ड" भन्नाले धितोपत्र सूचीकरण नभएका संचालनको शुरुवातीकममा रहेका वा संचालनको प्रकिया अगाडी बढिसकेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई सञ्चालन गर्न शेयर स्वामित्व पूँजीमा लगानी गर्ने कोषलाई सम्झनु पर्छ ।

(३) "हेज फण्ड" भन्नाले लगानीको उच्च जोखिम रहेको जुनसुकै क्षेत्रमा लगानी गर्न सक्ने गरी स्थापना भएको कोष सम्झनु पर्छ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनु अघि नेपाल सरकारको स्वीकृति लिई वा प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेको र यस नियमावली बमोजिम विशिष्टीकृत लगानी कोष अन्तर्गत पर्ने कोषको हकमा यो नियमावली प्रारम्भ भएको छ महिनाभित्र कोष दर्ता गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिम कोष दर्ता तथा निष्काशनको लागि कोष व्यवस्थापकले अनुसूची-५ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको शुल्क सहित बोर्डमा निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन साथ अनुसूची-६ बमोजिमको विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी कोष दर्ता तथा निष्काशन गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष दर्ता तथा निष्काशन प्रमाणपत्र प्रदान गर्नेछ ।

(७) उपनियम (६) बमोजिम दर्ता तथा निष्काशनका लागि अनुमति प्राप्त भए पश्चात कोषले रकम संकलनका लागि लक्षित लगानीकर्ता पहिचान गरी परिपत्र विधि वा व्यक्तिगत सम्पर्कको माध्यमबाट इकाईको निष्काशन गर्नु पर्नेछ ।

(८) कोषले बोर्डबाट इकाई निष्काशनको स्वीकृति पाएको मितिले तीन महिनाभित्र इकाई निष्काशन शुरु गरी दुई वर्षभित्र इकाई निष्काशन गरी सक्नु पर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कोषले अन्तर्राष्ट्रिय संघ, संस्था वा बहुपक्षीय संस्थागत लगानीकर्तालाई इकाई निष्कासन गर्दा ऋणको रुपमा समेत इकाई निष्कासन गर्न सक्नेछ । साथै, अन्तर्राष्ट्रिय संघ, संस्था वा बहुपक्षीय संस्थागत लगानीकर्तालाई निष्कासन गरिएको इकाईको रकम संकलन गर्दा विधानमा समय र किस्ताको व्यवस्था गरी सोही बमोजिमको समयमा किस्ता संकलन गर्न सक्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

१५. **कोष विधानमा उल्लेख हुनुपर्ने न्यूनतम व्यवस्था** : कोषको विधानमा देहाय बमोजिमको न्यूनतम व्यवस्था उल्लेख गरेको हुनु पर्नेछ :–

(क) कोषको नाम,

(ख) कोषको प्रकार (प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड वा अन्य),

(ग) कोषको आकार र समयावधि,

(घ) कोषको प्रवर्द्धन गर्न कम्तीमा दश प्रतिशत रकम लगानी गर्न प्रतिवद्धता गरेका लगानीकर्ताको विवरण,

(ङ) कोष सञ्चालन, अभिलेख तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था,

(च) कोषको लगानीको लक्षित क्षेत्र तथा लगानी प्रकृया सम्बन्धी विवरण,

(छ) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल सम्बन्धी व्यवस्था,

(ज) लगानी फिर्ता हुने प्रकृया सम्बन्धी व्यवस्था,

(झ) विवाद समाधान कार्यविधि सम्बन्धी व्यवस्था,

(ञ) हर्डल रेट सम्बन्धी व्यवस्था,

(ट) कोष व्यवस्थापन शुल्क सम्बन्धी व्यवस्था,

(ठ) कोष खारेजी सम्बन्धी व्यवस्था,

(ड) बोर्डले समय समयमा तोकेका अन्य विवरण ।

१६. **कोष दर्ताको न्यूनतम मापदण्ड** : कोष दर्ताका लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ :–

(क) कोषको रकम कम्तीमा पन्ध्र करोड रुपैयाँ भएको,

(ख) कोष व्यवस्थापकले कोषमा न्यूनतम दुई प्रतिशत हिस्सा लिएको र सो न्यूनतम हिस्सा निरन्तर कायम राख्ने व्यवस्था भएको,

तर द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थाले लगानी गरेको कोषको हकमा यो व्यवस्था लागु हुने छैन,

(ग) इकाईधनीको संख्या दुईसय भन्दा बढी नहुने व्यवस्था भएको,

(घ) कोष बन्दमुखि (क्लोज्ड इन्डेड) प्रकृतिको भएको,

(ङ) इकाईधनीलाई प्रतिफल स्वरुप नगद लाभांश मात्र दिने व्यवस्था भएको,

(च) इकाईधनीले कम्तीमा ***पचास*** लाख रुपैयाँको इकाई खरिद गर्ने व्यवस्था भएको ।

१७. **कोष दर्ता अस्वीकार गर्न सकिने** : (१) देहायको अवस्थामा बोर्डले कोष दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(क) नियम १४ बमोजिम दर्ता प्रक्रिया पूरा नभएमा,

(ख) नियम १५ बमोजिम विधानमा उल्लेख हुनुपर्ने न्यूनतम कुरा नभएमा,

(ग) नियम १६ बमोजिम न्यूनतम मापदण्ड पूरा नभएको,

(घ) धितोपत्र बजारको अवस्था, सम्भाव्यता र योग्य लगानीकर्ताको हित संरक्षणको दृष्टिकोणले कोष संचालन हुन सक्ने अवस्था नभएमा ।

नेपाल सरकार
अर्थ मन्त्रालय

(२) उपनियम (१) बमोजिम दर्ता अस्वीकार गर्दा सो को कारण र आधार स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

१८. **दायित्व तथा अधिकार :**(१) कोषले निष्काशन गरेको इकाई खरिद गर्ने इकाईधनीको दायित्व निजले खरिद गरेको इकाई सम्म मात्र सीमित रहनेछ ।

(२) इकाईधनीले कोषमा लगानी गरेको इकाईको अनुपातको आधारमा इकाइधनीको सभामा मतदान गर्ने, लगानीबाट आर्जित नाफा तथा लगानी फिर्ता पाउने अधिकार हुनेछ ।

१९. **कोषको समयावधि:** कोषको समयावधि पाँचदेखि पन्ध्रवर्षसम्म हुनेछ र सो कोषको समयावधिको सम्बन्धमा लगानी सम्झौतामा समेत उल्लेख भएको हुनु पर्नेछ ।

२०. **कोषको समाप्ति :** (१) देहाय बमोजिमको अवस्थामा कोषको समाप्ति हुनेछ :-

(क) बोर्डले कोष संचालनका लागि दिएको समयावधि समाप्त भएमा,

(ख) बोर्डले कोष संचालन गर्न दिएको स्वीकृति रद्द गरेमा,

(ग) कुनै असामान्य परिस्थिति वा आर्थिक संकट उत्पन्न भई कोष संचालन गर्न नसकिने कुरामा बोर्ड विश्वस्त भई कोष समाप्त गर्न निर्देशन दिएमा ।

(२) कोष व्यवस्थापकले अवधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अगावै इकाईधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(३) कोषको कुल पूँजिको कम्तीमा पचहत्तर प्रतिशत रकम र पचास प्रतिशत इकाईधनीको प्रतिनिधित्व भएको इकाईधनीको वार्षिक सभाबाट विशेष प्रस्तावद्वारा कोष समाप्ति गर्ने प्रस्ताव पारित गरेमा कोष व्यवस्थापकले कोषको समाप्ति गर्न सक्नेछ ।

(४) कोषको समाप्ति पछि कोष व्यवस्थापकले कोषको सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीको हितलाई ध्यानमा राखी फिर्ता गर्नुपर्ने व्यवस्था लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्नु पर्नेछ । सो कोषको दायित्व फरफारक गरी इकाईधनीलाई रकम फिर्ता गरेको जानकारी सो कार्य भएको मितिले तीन दिनभित्र बोर्डलाई दिई सक्नु पर्नेछ ।

२१. **शुल्क सम्बन्धी व्यवस्था:** (१) कोष व्यवस्थापकले कोष व्यवस्थापनको लागि लगानी सम्झौतामा उल्लेख भए बमोजिम कोष व्यवस्थापन शुल्क लिन सक्नेछ ।

(२) कोष व्यवस्थापकले विधानमा उल्लेख भए बमोजिमको हर्डल रेट सीमा भन्दा बढी नाफा आर्जन गर्न सफल भएमा वार्षिक खुद नाफाबाट लगानी सम्झौतामा उल्लेख भएबमोजिम उपनियम (१) का अतिरिक्त थप शुल्क लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको शुल्क लिंदा विधानमा व्यवस्था भएबमोजिम त्रैमासिक अवधिमा वा आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र लिनु पर्नेछ ।

(४) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्षमा आफूले प्राप्त गरेको सेवा शुल्कको दुई प्रतिशतले हुने रकम त्यस्तो शुल्क लिएको दुई महिनाभित्र बोर्डमा बुझाउनु पर्नेछ ।

तर समयमा शुल्क नबुझाएमा सो शुल्कमा बार्षिक रुपमा दश प्रतिशतले हुने रकम दैनिक रुपमा गणना गरी थप रकम समेत बुझाउनु पर्नेछ ।

नेपाल सरकार

## लगानी सम्बन्धी व्यवस्था

२२. **योग्य लगानीकर्ता:** लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गरी कोषको स्वपूँजीमा देहाय बमोजिमका संस्था वा व्यक्तिले लगानी गर्न सक्नेछन्:-

(क) बैंक तथा वित्तीय संस्था,

(ख) बीमा कम्पनी,

(ग) अवकाश कोष, कल्याणकारी कोष, संचय कोष, नागरिक लगानी कोष जस्ता प्रचलित कानून बमोजिम मान्यता प्राप्त कोष,

(घ) द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ता ,

(ङ) लगानी गर्न सक्ने उद्देश्य भएका प्रचलित कानून बमोजिम नेपालमा स्थापना भएका संस्था,

(छ) नेपाली नागरिक तथा गैर आवासीय नेपाली,

(ज) बोर्डले समय समयमा तोकिदिएका अन्य निकाय वा व्यक्ति ।

२३. **सम्झौता गर्नु पर्ने:** (१) कोष व्यवस्थापकले योग्य लगानीकर्तासंग लगानी गर्ने सम्बन्धमा लगानी सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने कोष व्यवस्थापक तथा योग्य लगानीकर्ताबीच हुने सम्झौतामा देहायका कुरा खुलाउनु पर्नेछ:-

(क) लगानी गरिने रकम र समयावधि,

(ख) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल,

(ग) लगानी फिर्ता हुने प्रकृया,

(घ) विवाद समाधान प्रकृया,

(ङ) हर्डल रेटको व्यवस्था,

(च) कोष व्यवस्थापन शुल्क सम्बन्धी विवरण,

(छ) कोषको हुने खर्चहरुको शीर्षक,

(ज) कोष निष्काशनको चरणबद्ध संङ्कलन गर्ने प्रावधान सम्बन्धी व्यवस्था,

(झ) कोषको समाप्ति पछि सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीलाई फिर्ता गर्नुपर्ने व्यवस्था ।

२४. **लगानी सम्बन्धी व्यवस्था :** (१) कोष व्यवस्थापकले कोषको रकम नेपाल सरकारको प्रचलित कानून बमोजिम लगानी गर्न निषेध गरिएको क्षेत्रहरुमा बाहेक लगानी सम्झौतामा उल्लेख भए बमोजिमको कम्पनी वा व्यवसायमा लगानी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम लगानी गरिने क्षेत्रका सम्बन्धमा बिक्री प्रस्तावमा उल्लेख गरेको हुनु पर्नेछ ।

नेपाल सरकार अर्थ मन्त्रालय

(३) कोष व्यवस्थापकले योग्य लगानीकर्ताका लागि इकाई बिक्री गर्नका लागि अनुसूची-८ बमोजिमको ढाँचामा बिक्री प्रस्ताव तयार गर्नु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निश्चित क्षेत्रमा मात्र लगानी गर्ने गरी स्थापना भएको कोषले सोही क्षेत्रमा मात्र लगानी गर्नु पर्नेछ ।

२५. **लगानीको सीमा** : कोषको रकम लगानी गर्ने सीमा विधान तथा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-६

## लेखा,अभिलेख तथा विवरण सम्बन्धी

२६. **लेखा राख्नु पर्ने** : कोष व्यवस्थापकले आफ्नो कारोबारको लेखा प्रचलित कानून बमोजिमको ढाँचा तथा प्रकृयामा राख्नु पर्नेछ ।

२७. **वित्तीय विवरण तयार गर्नु पर्ने** : कोष व्यवस्थापकले आफ्नो र कोषको छुट्टाछुट्टै वित्तीय विवरण तयार गर्नु गराउनु पर्नेछ ।

२८. **लेखापरीक्षक तथा लेखापरीक्षण:** (१) कोष व्यवस्थापकले चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकलाई कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षकको रुपमा नियुक्त हुन सक्नेछ ।

(२) कोष व्यवस्थापकले आफ्नो र कोषको लेखा परीक्षण छुट्टाछुट्टै लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(३) लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित सिद्धान्त, कानून र मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(४) लेखापरीक्षकले लेखापरीक्षण गरी सकेपछि कोष व्यवस्थापक तथा कोषको काम कारवाही, लेखा विवरण तथा आर्थिक अवस्था प्रतिविम्बित हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत खुलाइएको हुनु पर्नेछ :–

(क) लेखा सम्बन्धी प्रचलित ऐन, नियम तथा मापदण्ड अनुसार लेखा राखे नराखेको,

(ख) इकाईधनीको हित प्रतिकुल कुनै कार्य गरेको देखिएमा तत्सम्बन्धी विवरण,

(ग) कोष व्यवस्थापकले विधान तथा लगानी सम्झौता बमोजिम काम गरे नगरेको,

(घ) कोष अन्तर्गतको रकम यस नियमावली तथा कोषको लगानी कार्यविधि अनुरुप लगानी भए नभएको,

(ङ) इकाईधनीलाई जानकारी गराउनु पर्ने भनी लेखापरीक्षकलाई लागेका अन्य कुरा तथा सुझाव ।

नेपाल सरकार अर्थ मन्त्रालय

२९. **लेखापरीक्षकलाई कारबाहीका लागि लेखी पठाउन सक्ने** : कुनै लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षण गर्दा यस नियमावली र प्रचलित कानून विपरित लेखा परीक्षण गरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्नको लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउन सक्नेछ ।

३०. **निरीक्षण गर्न सक्ने**: कोष व्यवस्थापकले कोषका सम्बन्धमा राखेको हिसाव किताब तथा अभिलेख बोर्डले वा बोर्डले तोकेको व्यक्तिले जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ ।

३१. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने**: (१) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो तथा कोषको सो आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र सो आर्थिक वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बार्षिक वित्तीय विवरण इकाईधनीको जानकारीको लागि संक्षिप्त वित्तीय विवरण विद्युतीय माध्यममार्फत जानकारी गराउनु पर्नेछ ।

(३) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र इकाई धनीहरुको बार्षिक सभा सम्पन्न गर्नु पर्नेछ । यस्तो बार्षिक सभा सम्पन्न भएको तीस दिनभित्र सो को प्रतिवेदन बोर्डमा पेश गर्नु पर्नेछ ।

३२. **जानकारी तथा विवरण दिनु पर्ने** : (१) कोष व्यवस्थापकले देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भए त्यस्तो संशोधनको व्यहोरा संशोधन भएको पन्ध्र दिनभित्र,

(ख) नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा त्यस्तो संचालक वा कार्यकारी प्रमुखको अनुसूची-९ बमोजिमको विवरण सहितको जानकारी नियुक्त भएको पन्ध्र दिन भित्र,

(ग) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन भए तत्काल,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा तत्काल

(ङ) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण बोर्डले तोकिदिएको अवधिभित्र ।

(२) कोषसंग सम्बन्धित कुनै सूचना जानकारी वा विवरण माग गरेमा कोष व्यवस्थापकले त्यस्तो सूचना जानकारी वा विवरण सात दिनभित्र उपलव्ध गराउनु पर्नेछ ।

३३. **अभिलेख सुरक्षित राख्नु पर्ने** : कोष व्यवस्थापकले कोष स्थापना तथा संचालन सम्बन्धी कागजात,कोष अर्न्तगतका सम्पत्ति तथा दायित्वको विवरण, मुल्यांकन नीति तथा अभ्यास, लगानी समितिका निर्णय तथा रणनीतिहरु, इकाई निष्काशनबाट प्राप्त रकम तथा इकाईधनीको जानकारी, कोषको लेखा, बार्षिक प्रतिवेदन र वित्तीय विवरण, कोषबाट गरिएको लगानी र कोष व्यवस्थापकले आवश्यक देखेका अन्य कागजातहरुको अभिलेख कोषको खारेजी भएको कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।



नेपाल सरकार
अर्थ मन्त्रालय

परिच्छेद-७

## विविध

३४. **लकइन अवधी सम्बन्धी व्यवस्था:** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा अन्य समूहको धितोपत्रको लकइन सम्बन्धमा जुन सुकै कुरा लेखिएको भए तापनि कोषको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सावर्जनिक निष्काशन गरी बाँडफाँट भएको मितिले एक बर्षको हुनेछ ।

३५. **हेज फण्ड सञ्चालन सम्बन्धी व्यवस्था** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हेज फण्ड सञ्चालन सम्बन्धमा बोर्डले निर्देशिका बनाई थप व्यवस्था गरी लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्देशिका लागू नभएसम्म हेज फण्ड दर्ता तथा सञ्चालन गर्न सकिने छैन ।

३६. **निर्देशिका जारी गर्न सक्ने** : (१) बोर्डले यस नियमावलीको कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको निर्देशिका पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३७. **अनुसूचीमा हेरफेर वा थपघट:** बोर्डले आवश्यकता अनुसार अनूसुचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

अनुसूची–१

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

**कोष व्यवस्थापक दर्ताको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः कोष व्यवस्थापक दर्ता गरी पाउँ ।

महोदय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम कोष व्यवस्थापकको कार्य गर्न अनुमति प्राप्त गर्नका लागि देहायका कागजात तथा विवरणका साथै शुल्क वापत रु........................... संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक कोष व्यवस्थापकको:

नाम : ...........................

ठेगानाः ...........................प्रदेश.............................जिल्ला ............................... गा.पा. /न.पा.

टोल......................वडा नं...... . ब्लक नं....... फोन नंः.............. फ्याक्सः..............इमेल ................

निवेदकको आधिकारिक दस्तखतः

नाम :

पद :

कम्पनी वा कोष व्यवस्थापकको छापः

नेपाल सरकार
अर्थ मन्त्रालय

## अनुसूची–२

(नियम ३ को उपनियम (२), नियम ५ र नियम १४ को उपनियम (४) संग सम्बन्धित)

### **कोष व्यवस्थापक सम्बन्धी शुल्क**

| | | |
|---|---|---|
| १. | कोष व्यवस्थापक दर्ता शुल्क | ३ लाख रुपैयाँ |
| २. | कोष व्यवस्थापक वार्षिक शुल्क | १ लाख ५० हजार रुपैयाँ |

### **विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन शुल्क**

| | | |
|---|---|---|
| १. | निवेदन शुल्क | ५० हजार रुपैयाँ |
| २. | कोष दर्ता शुल्क | |
| | (क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म | ५ लाख रुपैयाँ |
| | (ख) ५० करोड रुपैयाँ देखि १ अर्ब रुपैयाँसम्म | ७ लाख रुपैयाँ |
| | (ग) १ अर्ब रुपैयाँ देखि माथि जतिसुकै भएपनि | १० लाख रुपैयाँ |

अनुसूची–३

(नियम ३ को उपनियम (३) संग सम्बन्धित)

**कोष व्यवस्थापक दर्ता गर्दा बुझाउनु पर्ने विवरण तथा कागजात**

(क) संगठित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी बार्षिक प्रतिवेदन, (संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ । )

(घ) अनुमति प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रस्तावित कोष व्यवस्थापकको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(च) संस्थापकले लिएको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(छ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(ज) संस्थाको संगठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(झ) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(ञ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ट) बोर्डले आवश्यक देखेको अन्य कागजात तथा विवरणहरु ।

अनुसूची–४

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

**कोष व्यवस्थापकको दर्ता प्रमाणपत्र**

श्री . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . .

..............................मा मुख्य कार्यालय रहेको त्यस संगठित संस्थाको निवदेनमा कारवाही हुँदा यस बोर्डको मिति ......................... को निर्णयानुसार त्यस संस्थालाई विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम कोष व्यवस्थापकको काम गर्न दिने निर्णय भएकोले सो का लागि यो अनुमति दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

**शर्तहरुः**

बोर्डको छापः

प्रमाणपत्र दिने अधिकारीको दस्तखतः

नामः

पदः

मितिः

नेपाल सरकार
अर्थ मन्त्रालय

अनुसूची–५

(नियम १४ को उपनियम (४) संग सम्बन्धित)

**विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशनको लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड

............................ ।

बिषयः कोष तथा निष्काशनको अनुमति/स्वीकृती पाउँ ।

महोदय,

विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ अन्तर्गत दर्ता भएको कोष व्यवस्थापक .................................. को .................................... नाउँको जम्मा रकम रुपैयाँ .............................सम्मको कोष दर्ता तथा निष्काशन गर्ने अनुमति/स्वीकृतिका लागि आवश्यक विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौ ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन । विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

कोष व्यवस्थापकको

नाम : ...........................

ठेगानाः ...........................प्रदेश.................................जिल्ला ....................................गा.पा/न.पा. टोल.....................वडा नं.........ब्लक नं......... फोन नंः................. फ्याक्सः..................................इमेल............................

कोष व्यवस्थापकको कार्यालयको छापः

नेपाल सरकार
अर्थ मन्त्रालय

कार्यकारी प्रमुखको :

नाम :

दस्तखतः

अनुसूची–६

(नियम १४ को उपनियम (५) संग सम्बन्धित)

**कोष दर्ता तथा निष्काशन गर्दा बुझाउनु पर्ने विवरण तथा कागजात**

(क) कोषको विधान

(ख) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी बार्षिक प्रतिवेदन, (संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ । )

(ग) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक लगानी,

(घ) कोष दर्ता तथा निष्काशन गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रस्तावित कोष व्यवस्थापकको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,

(च) प्रस्तावित कोषमा १० प्रतिशत लगानी गर्ने इकाईधनीहरुको कोष अवधिभर लगानी गर्ने प्रतिबद्धता पत्र,

(छ) कोषको प्रस्तावित लगानी गर्ने कार्य प्रणाली सम्बन्धी विवरण,

(ज) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(झ) कोष निष्काशनका लागि इकाइधनीसंग गरिने लगानी सम्झौताको विवरण पत्र,

(ञ) कोष निष्काशन चरणबद्ध रुपमा गर्ने भए सोको विवरण,

(ट) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजात:

  (१) नाम तथा पूरा ठेगाना,

  (२) अन्य कम्पनी वा कोष व्यवस्थापकमा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

(ठ) गैर आवासीय नेपालीको लगानी रहेको कम्पनी संस्थापक भएमा बोर्डले तोके बमोजिमका अन्य विवरणहरु ।

नेपाल सरकार अर्थ मन्त्रालय

अनुसूची–७

(नियम १४ को उपनियम (६) संग सम्बन्धित)

**<u>कोष दर्ता तथा निष्काशनको दर्ता प्रमाणपत्र</u>**

......................................मा मुख्य कार्यालय रहेको कोष व्यवस्थापकश्री ...................................... ले स्थापना गरेको .................................... नाउँको विशिष्टीकृत लगानी कोष विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ७ बमोजिम यस बोर्डमा दर्ता गरी यो दर्ता प्रमाणपत्र दिइएको छ ।

बोर्डको छापः

<u>प्रमाणपत्र दिने आधिकारीको</u>

दस्तखतः

नामः

पदः

मिति :

नेपाल सरकार
अर्थ मन्त्रालय

अनुसूची–८

(नियम २४ को उपनियम (३) संग सम्बन्धित)

**कोषको विक्री प्रस्तावको ढाँचा**

(क) विक्री प्रस्तावको मुखपृष्ठमा उल्लेख हुनुपर्ने कुराहरु :

१. "विक्री प्रस्ताव" भन्ने शव्द,

२. कोष व्यवस्थापकको नाम, लोगो तथा रजिष्ट्रर्ड कार्यालयको ठेगाना,

३. नेपाल धितोपत्र बोर्डबाट विक्री प्रस्ताव स्वीकृत भएको मिति,

४. जारी गरिने कोष इकाईको किसिम र संख्या

५. कोषको अवधिभर कोषमा न्यूनतम दस प्रतिशत लगानी गर्ने प्रतिवद्धता गरेका लगानीकर्ताको विवरण

६. इकाईको अंकित मूल्य र दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,

७. लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषण

८ नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण

९. निष्काशन शुरु हुने मिति

१०. निष्काशन बन्द हुने मिति (छिटो र ढिलोमा)

११. नेटवर्थ सम्बन्धी विवरण

(ख) विक्री प्रस्तावको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

१. विक्री प्रस्तावमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,

२. विक्री प्रस्ताव तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान,

(ग) विक्री प्रस्तावको दोश्रो पृष्ठबाट क्रमश उल्लेख हुनुपर्ने कुराहरु :

१. कोष व्यवस्थापकको उद्घोषण

(क) कोष व्यवस्थापकको जवाफदेहीता सम्बन्धी,

(ख) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

२. कोष व्यवस्थापक सम्बन्धी जानकारी

(क) कोष व्यवस्थापकको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,

(ग) भावी योजना तथा रणनीति

(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था,

४. पूँजी संरचना सम्बन्धी जानकारी,

५. संस्थापक/संचालक सम्बन्धी जानकारी,

(क) संस्थापक/संचालकको पृष्ठभूमि

(ख) संस्थापक/संचालकसँगको कारोबार

६. सीमित दायित्व सम्बन्धी विवरण

७. कोष व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी,

(क) कोष व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण

(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

८. कोषमा अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

९. कोष व्यवस्थापकको वित्तीय विवरण

(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

(ख) वित्तीय अनुपात सम्बन्धी विवरण

१०. कोष इकाई निष्काशन सम्बन्धी विवरण

(क) इकाई जारी गर्नुको उद्देश्य,



नेपाल सरकार अर्थ मन्त्रालय

(ख) इकाई निष्काशनबाट प्राप्त पूँजीको उपयोग,

(ग) ईकाई निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण,

(घ) कोषको अवधि,

(ङ) कोषको बिशेषता भए सो सम्बन्धी विवरण,

११. लगानीकर्ता र कोष व्यवस्थापक बीच हुने लगानी सम्झौता सम्बन्धी विवरण

१२. कोषका लागि उपलब्ध लगानी अवसर तथा चुनौती तथा सम्भाव्य लगानी क्षेत्र सम्बन्धी विवरण

१३. लगानी समितिको गठन तथा कार्यविधि सम्बन्धी विवरण

१४. परामर्शदाता/विशेषज्ञ भए सो सम्बन्धी विवरण

१५. लाभाँश वितरण वा हर्डल रेट सम्बन्धी व्यवस्था

१६. अन्य सामान्य जानकारी

१७. कोषले व्यहोर्नुपर्ने शुल्क तथा खर्चहरु

१८. कोष व्यवस्थापकको संचालक वा लगानी समितिमा हुन सक्ने परिवर्तनका अवस्था तथा परिवतर्नका प्रकृया सम्बन्धी जानकारी

१९. इकाईधनीले इकाई बिक्री गर्न सकिने व्यवस्था वा कोषबाट बहिर्गमनका शर्त तथा प्रकृया सम्बन्धी व्यवस्था

२०. इकाईधनीको भेला सम्बन्धमा गरिएको व्यवस्था,

२१. इकाईधनीको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरिएको व्यवस्था,

२२. कोष व्यवस्थापकका संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत

२३. विक्री प्रस्ताव, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र ।

२४. कोष व्यवस्थापकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति

नेपाल सरकार
अर्थ मन्त्रालय

## अनुसूची–९

(नियम ३२ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

**कोष व्यवस्थापकको संचालक/कार्यकारी प्रमुखको विवरण**

फोटो

१. नाम:

२. स्थायी ठेगाना: ...................प्रदेश...................जिल्ला ...................... गा.
वि.स./न.पा./म.न.पा. टोल...................वडा नं........ब्लक नं........ फोन नं:...............
फ्याक्स:...........इमेल ..........

३. हालको ठेगाना: ..........................प्रदेश......................जिल्ला ............................
गा.पा/न.पा.
टोल...................वडा नं........ब्लक नं........ फोन नं:............... फ्याक्स:...........इमेल

४. बाबु/आमाको नाम:

५. बाजे/बजैको नाम:

६. पति / पत्निको नाम :

७. शैक्षिक योग्यता:

८. व्यवसायिक अनुभव:

९. तालिम:

१०. कुनै पेशा वा संस्थामा कार्यरत भएमा, सो सम्बन्धी विवरण:

११. अन्य कम्पनी वा कोष व्यवस्थापकमा एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै संलग्नता भए तत्सम्बन्धी विवरण:

११. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा कोष व्यवस्थापक उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण:

१२. संचालक/कार्यकारी प्रमुख हुन निर्धारित योग्यता पूरा भएको र अयोग्यता नरहेको उद्घोषण:

दस्तखत:

..........................

**संलग्न गर्नु पर्ने कागजात:**

१. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. गैरआवासीय नेपाली संचालक भएमा संचालकको गैरआवासीय नेपालीको परिचयपत्र ।